"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

Green Ilam

१ नं. प्रदेश, नेपाल

प.स०७९/०८० (राजश्व शाखा)
च.न. ४४९

मिति २०७९।०५।०१

## सटर भाड़ामा लगाउने सम्बन्धी मिति २०७९।०३।३१ गतेको दोस्रो पटकको सूचना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम इलाम नगरपालिकाको स्वामित्वमा रहेको इलाम नगरपालिका वार्ड नं. ७ कृषि बजार स्थित २ तले भवनको जमिन तलाको सटरपसल भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति/संघ संस्था/सहकारीले मिति २०७९।०४।१३ गते सम्ममा सम्पर्क गरी प्रस्ताव पेश गर्न मिति २०७९/०३/३१ मा सूचना प्रकाशन गरिएकोमा कसैले प्रस्ताव पेश नगरेकोले पुनः मिति २०७९/०४/१५ गते सम्ममा सम्पर्क गरी प्रस्ताव पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ । सटरको न्यूनतम मासिक भाडा निम्नानुसार भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । तोकिएको मिति भित्र प्राप्त आवेदनहरुमध्ये सबैभन्दा बढी भाडा रकम कवोल गर्ने आवेदकसँग सम्झौता गरिने व्यहोरा समेत अनुरोध छ ।

निम्न : -

१. प्रस्ताव फाराम रु १०००।००(एक हजार) (फिर्ता नहुने) तिरी मिति २०७९।०५।१५ गते भित्रमा कार्यालयबाट खरिद गर्न सकिनेछ । खरिद कर्ता व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाण पत्र ,प्यान दर्ताको प्रमाण पत्र
अनिवार्य पेश गर्नु पर्नेछ । खरिद कर्ता, संघ/संस्था/भए आ.व.२०७९/०८० सम्मको नवीकरण भए को प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.:०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समेत बुझाई यस कार्यालयबाट खरिद गर्न सकिन्छ ।

२. प्रस्ताव फाराम भरि सिलबन्दी गरी मिति २०७९।०५।१५ गते दिनको दिउँसो १२ बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

३. प्रस्ताव फाराम साथ आफूले कवोल गरेको भाडा रकमको ३ महिना बराबरको रकम यस कार्यालयको ने.बैं.लि. इलाम स्थित धरौटी खाता नं ०४००३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

४. न्यूनतम मासिक भाडा·दर प्रति वर्ग मिटर २८०।०० र २१०।०० का दरले तोकिएको छ ।

५. उल्लिखित न्यूनतम भाडादरलाई आधार मानेर प्रतिस्पर्धा हुने र बढी रकम कवोल गर्ने व्यक्ति /संघ संस्था/सहकारीले प्राथमिकता पाउने छ ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कार्यालयको निर्णयानुसार हुनेछ ।

७९।०५।०१

नि.प्रमुख प्रशासकीय अधिकृत